व्यास नगर कार्यपालिकाको २३२ औं बैठक आज मिति२०८२/११/१० गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगरप्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८२/१०/२३ गते भएको २३१ औं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: द्वितीय त्रैमासिक समीक्षा बैठकमा उठेका विषयहरुका सम्बन्धमा ।
प्रस्ताव नं.३: गरिव घर परिवार पहिचानको विवरण सम्बन्धमा ।
प्रस्ताव नं.४: ३४ औं नगरपालिका स्थापना दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.५: संशोधित आय-व्ययको प्रगति विवरण सम्बन्धमा ।
प्रस्ताव नं.६: आन्तरिक आयको प्रगति सम्बन्धमा ।
प्रस्ताव नं.७: उपप्रमुखको स्वास्थ्य लाभको सम्बन्धमा ।
प्रस्ताव नं.८: माटो कटानको अनुमति एवं दस्तुर निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं.९: करार कर्मचारीको बेरुजु तलव भत्ता नियमित एवं सम्परीक्षण गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१० परामर्शदाता श्री त्रैलोक्य विल्डर्स एण्ड कन्सल्टेन्टस प्रा.लि, ललितपुरलाई सम्झौता बमोजिम परामर्श सेवा वापत रकम भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.११ बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२ ल्यापटप, कम्प्युटर लगायतको भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.१३ स्थानीय बिदा दिने सम्बन्धमा ।
प्रस्ताव नं.१४ मिनाहा सम्बन्धमा ।
प्रस्ताव नं.१५ तरकारी पकेट कार्यक्रम निरन्तरता सम्बन्धमा ।
प्रस्ताव नं.१६ निर्मल मा.वि.का छात्र दीपेश पन्थलाई सहयोग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१७ सम्झौताको म्याद थप गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८ सेफ्टी टयाङ्की सफाई दस्तुर निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं.१९ विपद्जन्य उपचार खर्च एवं अत्यावश्यक कार्य सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/१०/०७ गते भएको २३१ औं व्यास नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरु एवं नगरपालिकाबाट भएका सेवा प्रवाहको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/१०/२७ गते नगर सभाकक्षमा भएको द्वितीय त्रैमासिक समीक्षा बैठकमा सबै शाखा प्रमुख, वडा सचिवहरुबाट प्रस्तुत सेवा प्रवाह सम्बन्धी प्रतिवेदनको समीक्षा गरियो । यसबाट सम्बन्धित कर्मचारीहरुमा उत्तरदायित्व र जवाफदेहिता विकसित भएकोमा धन्यवाद ज्ञापन गर्दै देखिएका कमी-कमजोरीलाई आगामी दिनमा सुधार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत थालनी गरिएको गरिव घरपरिवार पहिचानको विवरणको काठमाण्डौं विश्वविद्यालयका प्राध्यापक श्री धिरज गिरीबाट विश्लेषणात्मक मस्यौदा प्रतिवेदन प्रस्तुती भयो । सो सम्बन्धमा बैठकमा छलफल भई सुझाव प्रदान गरियो । तथ्याङ्क विश्लेषणमा सहयोग पुऱ्याउनु हुने प्राध्यापक श्री धिरज गिरीलाई धन्यवाद ज्ञापन गर्दै थप प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकाको ३४ औं स्थापना दिवस २०८२ चैत्र ३० गते विविध कार्यक्रमका साथ मनाउने निर्णय गर्दै नगर प्रमुखको अध्यक्षतामा मुल समारोह समिति, उपप्रमुखको अध्यक्षतामा पुरस्कार एवं सम्मान सिफारिस समिति, नगर शिक्षा शाखा प्रमुखको अध्यक्षतामा व्यास नगर दर्पण २०८२ प्रकाशन समिति गठन गर्ने निर्णय गरियो ।

**(क) मूल समारोह समिति :**

| | | | |
|---|---|---|---|
| (१) संयोजक | - नगर प्रमुख | -१ |
| (२) सदस्य | - उपप्रमुख | -१ |
| (३) सदस्य | - सबै कार्यपालिका सदस्यहरु | -२२ |
| (४) सदस्य | - सबै वडा सदस्यहरु | - ५० |
| (५) सदस्य | - सबै शाखा, उपशाखा प्रमुखहरु | - १८ |
| (६ सदस्य | - सबै वडाका सचिवहरु | - १४ |
| (७) सदस्य-सचिव | - प्रमुख प्रशासकीय अधिकृत | |

**(ख) सम्मान एवं पुरस्कार सिफारिस समिति :**

| | |
|---|---|
| (१) संयोजक | - उपप्रमुख |
| (२) सदस्य | - अध्यक्ष, सुशासन समिति |
| (३) सदस्य-सचिव | - प्रमुख प्रशासकीय अधिकृत |

**(ग) व्यास दर्पण २०८२ प्रकाशन समिति :**

| | | |
|---|---|---|
| (१) संयोजक | - श्री केदारराज आचार्य | - शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख |
| (२) सदस्य | - श्री गोकर्णराज वाग्ले | -सूचना प्रविधि शाखा प्रमुख |
| (३) सदस्य-सचिव | - श्री भेषराज तिवारी | -योजना तथा अनुगमन उपशाखा प्रमुख |

**निर्णय नं.५:** प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आ.व. २०८२/०८३ का लागि संशोधित रू.१,७२,५२,०४,५००/- को आय-व्यय बजेट कार्यक्रममा हालसम्म ४४.३६ प्रतिशत आय भई चालु तर्फ रू.४९.१९ प्रतिशत, पूँजिगत तर्फ १८.३२ प्रतिशत गरी जम्मा ३५.३५ प्रतिशत खर्च भएको बैठकमा जानकारी प्राप्त भई सार्वजनिकीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस आ.व. मा व्यास नगरपालिकाको रू.२०,००,००,०००/- (बीस करोड) आन्तरिक आय प्रक्षेपण गरिएकोमा मिति २०८२/११/१० सम्म कुल रू.७,७७,३८,३४३/५७ (३८.८६ प्रतिशत) आय प्राप्त भएको र फोहोरमैला, सिसाजन्य वस्तु बिक्रीबाट हालसम्म रू.१४,५०,६११/६० आय प्राप्त भएको बैठकमा जानकारी प्राप्त भई सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं. ७ का सम्बन्धमा छलफल हुँदा व्यास नगर उपप्रमुख श्री इन्दिरा दरै र उहाँको कान्छो छोरा श्री हेमन्त दरै सडक दुर्घटनामा घाइते भई उपचाररत रहनु भएकाले शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ बस्ने श्री राममणी मिश्रले साविक कर्लुङ ६/क कि.नं. ३४१८ को ज.वि. ५-२-१-२ मध्ये २-०-०-० रोपनी (३७५० घ.मी.) माटो र सोही वडा बस्ने भोजबहादुर दरैले साविक कर्लुङ ६/क कि.नं. २००६ को ज.वि.२-४-२-३ (१९८७.४० घ.मी.) जग्गा मध्ये १५०० घ.मी. माटो काटी नेपाल विद्युत प्राधिकरण, तनहुँको २२० के.भी. प्रशारण लाइनको शाखा कार्यालयका लागि बिक्री वितरण गर्न अनुमति प्राप्त गरेकाले राजश्व रकम बुझिदिनु हुन भनी निवेदन पेश गरेकाले राजश्व रकम नलिइ अनुमति दिएको हो होइन यकिन गरी राजश्व रकम नलिइ अनुमति दिने व्यक्ति/कर्मचारी/पदाधिकारी/निकायलाई कारबाही गरी निजहरुले पेश गरेको विवरण यकिन गर्न यस कार्यालयका नक्सा शाखाका प्राविधिकलाई खटाई प्राप्त हुन आएको विवरण बमोजिमको राजश्व रकम गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०८२ बमोजिमको दरमा विभाज्य कोष खातामा जम्मा हुने गरी प्राप्त गर्ने र व्यास नगरपालिका जग्गा व्यवस्थापन कार्यविधि पहिलो संशोधन सहित २०७७ को नियम ५(२) बमोजिमको प्रकृया पुरा गरी नगरबाट अनुमति प्रदान गर्ने र अनुमति दिइएको क्षेत्रफल र घनमिटर भन्दा थप माटो विक्री वितरण गर्न नपाइने व्यहोरा समेत

निवेदकलाई जानकारी गराउने साथै पछि अनुगमनका क्रममा बढी बिक्री वितरण गरेको पाइएमा कानुन बमोजिमको कारबाही गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं.९**: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८१/०८२ को अन्तिम लेखापरीक्षण भई प्राप्त प्रारम्भिक प्रतिवेदनमा व्यास नगरपालिकाले आफ्नो संगठन संरचना स्वीकृत गरी आवश्यक दरबन्दी कायम गरेको अवस्थामा समेत सो दरबन्दी भन्दा बढी हुने गरी कर्मचारी भर्ना गरेको पाइयो भन्ने सम्बन्धमा यस बैठकमा व्यापक छलफल गरियो । यस नगरपालिकाले आ.व. २०७८/०७९ मा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नगर सभाबाट स्वीकृत गरेका दरबन्दीमा मात्र कर्मचारी नियुक्ति गरेको र हालै गठित नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८२/०६/०५ को निर्णयले संगठन संरचना सुधार शीर्षकको (ख) नं. बुँदामा संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई थप संरचना तथा दरबन्दी सिर्जना भएका स्थानीय तहले संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी चुस्त, छरितो र मितव्ययी वनाउन अनावश्य संरचना र दरबन्दी शिघ्र घटाउने भनी निर्णय सहितको पत्र पठाएकाले यस नगरपालिकाले साविकको संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट स्वीकृत दरवन्दीलाई घटाई अति आवश्यक दरबन्दी राखी बाँकी दरवन्दी कटौती गरेको छ । त्यसरी कटौतीमा परेका ६२ दरवन्दीका कर्मचारीलाई हाल हटाइ सकिएको अवस्था छ । तर अनुसूचीमा संलग्न कर्मचारीहरु मध्ये नगर सभाबाट स्वीकृत दरबन्दीमा रहेका नगर प्रहरी - ४ जना, वडा र नगरका कार्यालय सहायक-१९ जना (१४ वडाका १/१ र नगरका ५ गरी १९ जना), इलेक्ट्रिसियन- १ जना, सरसफाइका कुचीकार- १६ जना, सरसफाइका गौसंरक्षण कुहिने फोहोरका- ४ जना, सवारी चालक - १० जना, सभाहलका चौकीदार- २ जना गरी जम्मा ५६ जना कर्मचारी सबै नगर सभाले स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ को उपदफा ८ वमोजिम स्वीकृत गरी प्रतिस्पर्धाको आधारमा विगत लामो समयदेखि भर्ना भई कार्यरत रहेका कर्मचारीहरु हुन । नगर सभाले यसरी स्वीकृत गरेको दरबन्दी गण्डकी प्रदेशको किताब खानामा दर्ता गर्न फाइल बुझाइ सकिएको र दर्ता हुने कार्य जारी रहेको छ । त्यस्तै अनुसूचीमा उल्लेखित १२ जना कर्मचारीहरु हाल तहाँको सुझाव मुताविक संक्षिप्त O&M बमोजिम दरबन्दी काटिएकाले हटाइएको छ । बाँकी रहेका सहायक चौथो तहका कर्मचारीहरुको पदपूर्तिका लागि गण्डकी प्रदेश लोक सेवा आयोगमा लेखी पठाइएको छ । यसरी प्रदेश लोकसेवा आयोगबाट कर्मचारी आएपछि श्रेणी विहिन र दफा ८३ को उपदफा ८ बमोजिमका कर्मचारी बाहेक कुनै पनि कर्मचारी करार सेवामा रहने छैनन् । महालेखा परीक्षकको टोली मार्फत विगत ३/४ वर्ष अगाडिदेखि यस नगरपालिकालाई करार कर्मचारी हटाउन दिएको निर्देशन सुझावलाई यसपटक महत्वका साथ कार्यान्वयन गरिएको छ । अतः साविकदेखि कार्यरत रहँदै आएका कर्मचारीहरुलाई यस अघिको O&M study बमोजिम समायोजन गरी तलव भत्ता खुवाएको हो । कुनै दुरुपयोग र अनियमिता भएको गरिएको छैन् । अव आइन्दा स्वीकृत दरबन्दी भन्दा बाहेकमा कुनै पनि करारमा कर्मचारी नराखिने व्यहोरा प्रतिवद्धता गर्ने निर्णय गरियो । अतः प्रारम्भिक प्रतिवेदनमा उल्लेखित वेरुजु रकम रू.४,२४,५३,९२४/- लाई नियमित एवं सम्परीक्षण गरिदिनु हुन अनुरोध गर्ने समेत निर्णय गरियो । तसर्थःअपाङ्ग सेवाका लागि नियुक्त कर्मचारीहरुले काम गरे वापत उपलब्ध गराइएको पारीश्रमिकमा दिइएको रकमलाई सम्परीक्षण गरी नियमित गरिदिन महालेखा परीक्षकको कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१०**: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका श्री नगर विकास कोष, काठमाडौं र परामर्शदाता श्री त्रैलोक्य विल्डर्स एण्ड कन्सल्टेन्ट्स, ललितपुर बीच “Consulting Services for Preparation of Feasibility Study of Manungkot Land Pooling Project in Vyas Municipality” विषयमा भएको त्रिपक्षीय सम्झौता बमोजिमको परामर्श सेवा कार्य सम्पन्न गरी परामर्शदाताबाट मस्यौदा प्रतिवेदन, भ्याट बिल र बैंक खाता नं. समेत संलग्न गरी भुक्तानी मागको निवेदन पेश भई आएकोमा उपर्युक्त सम्झौताको बुँदा ९ र ११ बमोजिम बिल रकम रू.४,८१,९४५/- (मु.अ.कर समेत) को ३० प्रतिशतले हुन आउने व्यास नगरपालिकाको दायित्व वापतको रकम रू.१,४४,५८३/५० भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको लागि आवश्यक सवारी साधन खरिद (Supply of Double Cab Pickup 4WD) कार्य (ठेक्का नं.02/GOODS/VYASMUN/2082.083) योजनाको लागि मिति २०८२/९/१६ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित विद्युतीय बोलपत्र आब्हान सम्बन्धी सूचना अनुसार Online मार्फत दर्ता हुन आएको १ मात्र फर्म श्री B.B. Incorporated PVT.LTD नयाँ बजार पोखराले पेश गरेको विद्युतीय बोलपत्र मिति २०८२/११/१ गतेको मूल्यांकन समितिको निणर्य अनुसार न.पा कार्यालयको स्वीकृत विभागीय लागत अनुमान (मू.अ.कर बाहेक) रू.४५,५७,५२२/१२ मा ०.२५ प्रतिशत घटी अर्थात् (मू.अ.कर बाहेक) रू.४५,४६,०१७/७० कबोल गरी दर्ता गराएको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा १ बमोजिम स्वीकृतिको लागि छनौट गरिएको र सोही ऐनको दफा २७ को उपदफा २ बमोजिम को प्रयोजनको लागि मिति २०८२/११/४ गते भञ्याङ राष्ट्रिय दैनिक पत्रिकामा ७ दिनको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएकोमा सोही दफाको उपदफा ३ बमोजिम कोही कसैबाट पनि निवेदन, उजुरी गुनासो दर्ता नभएको हुँदा श्री B.B. Incorporated PVT.LTD नयां बजार पोखराले दर्ता गरेको (मू.अ.कर बाहेक) रु.४५,४६,०१७।७० रकमको बोलपत्र स्वीकृत गरी गाडी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार ल्यापटप, कम्प्युटर प्रिण्टर लगायतका सामाग्रीहरु खरिदका लागि बोलपत्र आव्हान गरिएकोमा सबैभन्दा न्यून रकम कवोल गर्ने श्री ई. अचिभमेन्ट होल्डिङ्गस् प्रा.लि. काठमाण्डौं र यस न.पा. बीच २०८१/११/८ मा सम्झौता भई कार्यादेश दिइएको र सम्पूर्ण सामानहरु गत आ.व. २०८१/०८२ मा प्राप्त भएकोमा Specification verification कार्य बाँकी रहेकोले चालु आ.व. २०८२/०८३ को भुक्तानी बाँकीको सूचीमा समावेश भएकोमा हाल IT शाखाबाट सूचना प्रविधि अधिकृतबाट स्पेशिफिकेशन बमोजिमको सामग्री प्राप्त भएको भनी प्रतिवेदन प्राप्त भएकोले उक्त सामग्रीहरुको बील बमोजिमको रकम रू.१६,४७,८११/- भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा ४४ औं मगर स्थापना दिवस मनाउने सन्दर्भमा मिति २०८२/११/१५ गतेका दिन व्यास नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरु, सामुदायिक एवं निजी शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्थाहरु (अत्यावश्यक सेवा बाहेक) मा स्थानीय बिदा दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा २०८२ भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनको क्रममा यस नगरपालिका भित्र रहेका ४ थान हलुका सवारी साधन सहितका रू.१,४४,१५,५१२/७८ (एक करोड चौवालिस लाख पन्ध्र हजार पाँच सय बाह्र रुपैया पैसा अठहत्तर मात्र) मूल्य बरावरका जिन्सी सम्पत्तिहरु जली पूर्णरुपमा नष्ट भएका पुनः प्रयोग गर्न नमिल्ने भएकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ दफा १११ बमोजिमको समितिमा पठाइएकोमा उक्त समितिले प्राविधिक प्रतिवेदनका आधारमा जेन्जी आन्दोलनको क्रममा भएको तोडफोड तथा आगजनीबाट पुनःप्रयोग गर्न नसकिने गरी जलेर पूर्णरुपमा ध्वस्त नष्ट भएकाले प्रतिवेदन साथ पेश भएका भौतिक संरचना, सवारी साधन, फर्निचर अन्य जिन्सी सम्पत्तिको परल मूल्य रू.१,४४,१५,५१२/७८ कायम भएको हुँदा ऐ. नियमावली, २०७७ बमोजिम मिनाहाका लागि सिफारिस गर्ने भनी मिति २०८२/१०/२३ गते निर्णय गरेकाले उक्त सम्पूर्ण जिन्सी सम्पत्ति मिनाहा गरी जिन्सी किताब तथा PAMS Record बाट लगत कट्टा गरी सम्बन्धित यातायात व्यवस्था कार्यालयमा उपरोक्त सबै सवारी साधनहरुको लगत कट्टा गरिदिन समेत लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८१/०८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरताको लागि प्राविधिक समितिबाट सिफारिस भएका तपसिलका पकेट सञ्चालन गर्ने सहकारीहरुलाई यस आ.व. मा निरन्तरता दिने निर्णय गरियो।

| क्र.सं. | समूह/सहकारीको नाम | ठेगाना | विनियोजित बजेट |
|---|---|---|---|
| १. | आधारशिला महिला उद्यमी सहकारी संस्था लि. | व्यास १२ | २,५०,०००/- |

| | | | |
|---|---|---|---|
| २. | गाउँ विकास कृषि सहकारी संस्था लि. | व्यास १३ | २,५०,०००/- |

**<u>निर्णय नं.१६:</u>** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास १ निर्मल मा.वि. मा कक्षा ९ मा अध्ययनरत छात्र श्री दिपेश पन्थ माघ २६ गते काठमाण्डौंमा भएको राष्ट्रिय स्तरका AI, Coding, Machine Learning र Robortic प्रतियोगितामा Track 1-Technical Excellence Award सहित प्रथम हुनु भएकाले हार्दिक बधाइ ज्ञापन गर्दै 21 May, 2026 मा इण्डोनेसियाको राजधानी जाकर्तामा हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन जाने हुँदा आउँदा जाँदाको Plane भाडा टिकट बमोजिम रकम सहयोग गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१७:</u>** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा मादीसेती ढुङ्गा, गिट्टी, बालुवा बोलपत्र नं. Re 3/05/Vyas REV/2082/083 बमोजिम ठेक्का गर्ने ZETA Engineering and Civil Construction Service PVT. LTD. ले ठेक्का प्राप्त भएको सम्झौता गर्ने अवधि थप गरी पाउँ भनेकाले धेरै सार्वजनिक बिदा एवं आम निर्वाचन समेतका कारणबाट मिति २०८२/११/२५ सम्म सम्झौता गर्ने म्याद थप गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१८:</u>** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यक्तिगत घर पसल कम्पनी बाहेक सार्वजनिक संघ/संस्था कृषिजन्य सहकारीसँग सम्बद्ध सेफ्टी ट्याङ्क वा खाडल सफाई गर्दा प्रति पटक रू.३,०००/- दस्तुर आर्थिक ऐन दफा १८ बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१९:</u>** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा अत्यावश्यक कार्य एवं विपद्जन्य कार्यमा निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरयो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | बन्दिपुरे मजुवा कुलो निर्माण मर्मत | ५ | १०००००/- | ८७८ |
| २. | गोपाल आले, उपचार सहयोग | ११ | १५,०००/- | ६१ |

***